**नेपाली / *NEPALI***

लागि: सबै संकाय र कर्मचारी

बाट: Jennifer L. Mnookin, कुलपति
Charles Isbell, प्रोभोस्ट
Rob Cramer, अर्थ र प्रशासनका उपकुलपति

विषय: आर्थिक अनिश्चितताको बीचमा *UW–Madison* को उद्देश्यलाई संरक्षण गर्ने

मिति: मार्च २१, २०२५

वेबसाईट: https://news.wisc.edu/mnookin-isbell-jr-cramer-preserving-uw-madisons-mission-amid-financial-uncertainty/

आदरणीय क्याम्पस सहकर्मीहरू,

गएको शुक्रबार, अमेरिकी *Congress* (सभा) ले संघीय सरकारलाई सञ्चालनमा राख्न विनियोजन विधेयक पारित गर्‍यो। त्यो निरन्तर समाधानको बावजुद पनि, सेप्टेम्बर २०२५ मा अर्को विनियोजन समयसीमाको सामना गर्ने क्रममा महत्त्वपूर्ण अनिश्चितता कायमै छ, जसमा अनुसन्धान र अन्य कार्यक्रमहरूमा सम्भावित संघीय कोष कटौतीका साथसाथै अप्रत्यक्ष दरहरू, कार्य रोक्का आदेशहरू र भन्सारबाट मुद्रास्फीति प्रभावहरूको जारी अनिश्चितता समावेश छ। हामी आज यस अनिश्चितताको बीचमा हाम्रो उद्देश्य पूरा गर्न *UW–Madison* को छोटो र दीर्घकालीन क्षमता जोगाउन हामीले चालिरहेका कदमहरूको बारेमा तपाईंहरूलाई अपडेट गराउन लेख्दै छौं।

तपाईंलाई राम्ररी थाहा छँदै छ, पछिल्ला केही महिनाहरूमा तीव्र रूपमा बदलिने संघीय निर्देशनहरूले हाम्रो आर्थिक स्थितिलाई ठूलो असर गर्न सक्छ। हामीले यो अवस्थाले ल्याएको तनावलाई बुझ्छौं र अनुसन्धान, शिक्षा र सेवामा उत्कृष्टता प्रतिको हाम्रो उद्देश्य सुरक्षा गर्न र विभिन्न सम्भावित परिदृश्यहरूको लागि योजना बनाउन विश्वविद्यालयभरका अगुवाहरूसँग काम गरिरहेका छौं।

त्यहिपनि हामीसँग अझै पनि धेरै स्पष्ट उत्तरहरू छैनन्, हामी अब हाम्रो आर्थिक भविष्यलाई सुरक्षित गर्न र विस्कनसिन विचारको (*The Wisconsin Idea*) समर्थनमा हाम्रो उद्देश्य पूरा गर्ने क्षमतालाई सहयोग गर्न केही थप विवेकपूर्ण कदमहरू चालिरहेका छौं।

**आगामी आर्थिक कार्यहरू**

आर्थिक साल २०२५ (*FY*25) को बाँकी अवधिका लागि सबै स्कूल, कलेज र विभागहरूलाई तल उल्लिखित थप आर्थिक नियन्त्रणहरू लागू गर्न अपेक्षा गरिएको छ। यी नियन्त्रणहरू कोष १०१ र कोष १५० माथि लागू हुन्छ।

- *FY*25 का लागि भर्ना समीक्षाहरू – कार्यपदहरूको सीमा समीक्षाको प्रक्रियाको निरन्तर अनुपालन बाहेक, सबै युनिटहरूका उपकुलपति र डीनहरूले खाली कार्यपदहरू समीक्षा गर्न आवश्यक छ ताकि ती कार्यपदहरू भर्न महत्त्वपूर्ण रहोस्। यो प्रक्रिया *FY*26 मा पनि जारी रहने सम्भावना रहेको आशा गर्नुपर्छ। संकाय भर्ना भनेका विद्यमान अभ्यासहरूमा कै अधीनमा रहनेछन्, जसमा सामान्य रूपमा डीनको अनुमति सामेल छ।

- *FY*25 का लागि गैर आवश्यक खर्चहरूमा कटौती – युनिटहरूले यात्रा, आपूर्ति, उपकरण, कार्यक्रमहरूमा गैर आवश्यक खर्च कम गर्नका लागि कदम चाल्नुपर्छ। युनिटका अगुवाहरूले यी श्रेणीहरूमा उपयुक्त रूपमा आन्तरिक मार्गदर्शन वा सीमा जारी गर्न सक्छन्।

- *FY*26 परिदृश्य योजना – *FY*26 को तयारी गर्नका लागि, हामी सबै स्कूल, कलेज र प्रशासनिक विभागहरूले *FY*26 लाई कोष १०१ को ५% र १०% बजेट कटौती परिदृश्यहरू बनाउन अनुरोध गर्दछौं।

- कोष समीक्षाहरू – के स्थगित गर्न सकिन्छ हेर्न परियोजना र गतिविधिहरूको एकपटकको लगानीका लागि केन्द्रिय प्रतिबद्धताहरूको समीक्षा शुरू गरेका छौं।

यी कुनै पनि कदमहरूलाई हल्का रूपमा लिइएको छैन र यी कार्यहरू अगाडि बढाउँदै हामीले सेवा गर्ने धेरै समुदायहरूप्रति हाम्रा जिम्मेवारीहरूको मूल्याङ्कन गर्दैछौं। हाम्रो क्याम्पसको स्वास्थ्य र सुरक्षा कायम राख्ने, हाम्रा विद्यार्थीहरूको लागि उत्कृष्ट शैक्षिक अनुभव प्रदान गर्ने, जीवन सुधार गर्ने अभूतपूर्व अनुसन्धानमा संलग्न हुने र हाम्रा स्रोतसाधनहरूको प्रभावकारी र जिम्मेवार भण्डारी बन्ने साझा संस्थागत जिम्मेवारी हाम्रो हो।

**हाम्रो उद्देश्यको सुरक्षाको लागि सावधानीपूर्वक व्यवस्थापन**

हामी यी कदमहरू चाल्दैछौं किनभने हामीलाई विश्वास छ कि हाम्रो खर्चको सावधानीपूर्वक विचार र व्यवस्थापनले हाम्रो अनुसन्धान उद्यमलाई सुरक्षित राख्न, विद्यार्थी अनुभवलाई कायम राख्न र बढाउन र संकाय, कर्मचारी, *graduate* र *undergraduate* विद्यार्थीहरूलाई निरन्तर सहयोग प्रदान गर्न आवश्यक क्षमता प्रदान गर्नेछ।

हामीले राख्ने आर्थिक सुरक्षाका साथसाथै, हामीले क्याम्पसभरि कसरी कुशलतापूर्वक सेवाहरू प्रदान गर्छौं भनेर पनि हेर्न जारी राख्नुपर्छ। जति हामीले प्रभाव बढाउन वा प्रशासनिक खर्च घटाउन सक्छौं, हामी हाम्रा स्रोतसाधनहरूको ठूलो हिस्सा हाम्रा मुख्य उद्देश्यका क्षेत्रहरूमा निर्देशित गर्न सक्नेछौं।

माथि उल्लेखित उपायहरूसँगै, हामी स्कूल र कलेजहरूसँग मिलेर हाम्रो अनुसन्धान उद्यमको लागि केन्द्रीय रूपमा पाइने कोष प्रदान गर्ने योजनाहरू विकास गर्नेछौं। यो कुरा बुझ्न महत्त्वपूर्ण छ कि उपलब्ध कोष सीमित हुनेछ र के हुन्छ त्यसको आधारमा, यसले सबै आवश्यकताहरू पूरा नगर्न सक्छ।

**संघीय सम्बन्ध (*Federal Relations*) हाम्रो जानकारीको केन्द्रीय स्रोत हो**

संघीय सम्बन्ध कार्यालयले यी र अन्य कुराहरू र *UW–Madison* सञ्चालनहरूमा सम्भावित प्रभावको निगरानी गर्न जारी राखेको छ। क्याम्पस समुदायका सदस्यहरूलाई आगामी संघीय अपडेटहरूसँग सम्बन्धित स्रोतसाधनहरू र जानकारीको लागि केन्द्रिय सम्पर्क बिन्दु, विश्वविद्यालय सम्बन्ध (*University Relations*) मा सम्पर्क गर्न प्रोत्साहित गरिन्छ। क्याम्पससँग सम्बन्धित अपडेट, जानकारी र स्रोतहरूको लागि संघीय अपडेट वेबसाईट हेर्नुहोला।

यी अनिश्चित समयहरू हुन् र आज र आगामी हप्ता र महिनाहरूमा हाम्रो प्रतिक्रियाले हामीलाई हाम्रो अभियानलाई अगाडि बढाउन सहयोग गर्नेछ। १७६ वर्षदेखि *UW–Madison* हाम्रो देशको अग्रणी अनुसन्धान र शैक्षिक संस्थाहरू मध्ये एक रहेको छ, विस्कन्सिन र विश्वको सेवा गर्न प्रतिबद्ध छ र हामीले सामना गरिरहेका चुनौतीहरूको बावजुद पनि, हाम्रो योजनाले आजको पाँच, १० र ५० वर्षमा हाम्रो शक्ति सुनिश्चित गर्नमा केन्द्रित हुनेछ र हुनुपर्दछ। सम्भव भएसम्म र जहाँ विवेकपूर्ण आर्थिक काम गरेर, हामी विघटनकारी प्रभावहरूलाई कम गर्न र हाम्रा महत्त्वपूर्ण शैक्षिक, अनुसन्धान र आउटरिच उद्देश्यहरूमा स्रोतसाधनहरू केन्द्रित गर्न मिलेर काम गर्न सक्छौं र गर्नेछौं।

यी महत्त्वपूर्ण मुद्दाहरूमा तपाईंको ध्यानको लागि र हाम्रा विद्यार्थीहरू, हाम्रो अनुसन्धान र विस्कन्सिन विचारप्रति तपाईंको प्रतिबद्धताको लागि हामी तपाईंलाई धन्यवाद दिन चाहन्छौं।